# फर्पिङ्गको ऐतिहासिक परिचय

—उद्धव आचार्य

काठमाडौंबाट १६ किलोमिटर दक्षिणमा अवस्थित फर्पिङ्ग चन्द्रागिरि पहाड शृङ्खलासंगै अवस्थित छ। यो भू—भाग वलौटे चुन ढुङ्गाको आधारमा पत्रेदार चट्टानबाट बनेको छ।[1] यहाँ "प्लिष्टोसिन" युगको एउटा हात्तीको फिमर (खगालो हाड) पाइएकोले यस क्षेत्रको भौगोलिक बनावट काश्मिर, हिमाचल तथा उत्तरी कुमाउसंग मिल्ने देखिन्छ।[2] २,५३४ मिटर अग्लो फाखेलस्थित चन्द्रागिरि पहाड यस क्षेत्रको सबभन्दा अग्लो स्थान हो। फर्पिङ्गको बस्ती बसेको ठाउँ भने समुद्री सतहबाट करीब १५०० मिटरको उचाइमा अवस्थित छ।[3] यहाँ श्रावण भाद्रमा सरदर २३४ मिलिलिटर पानी पर्दछ।[4] पश्चिम, उत्तर तथा दक्षिण तीनैतर्फ जङ्गल रहेकोले गर्मीमा धेरै गर्मी नहुने र जाडोमा कुहिरो नलागी विहानदेखि घाम लाग्ने भएकोले फर्पिङ्गको हावापानी रम्य छ।

भाषा वंशावलीमा भीमार्जुन देवले शिखरापुर नगरको स्थापना गरेको कुरा उल्लेख छ।[5] शिखर नारायण मन्दिर नागफणा जस्तो आकारको पर्वतको फेदीमा अवस्थित छ। अतः बौद्ध धर्मावलम्बीहरू शिखर नारायणलाई फणिकेश्वर वेतराग भन्दछन्। वि.सं. १३९१ (ने सं. ४५५) मा सारिएको अगस्त्य संहिता नामक ग्रन्थमा फर्पिङ्गलाई फर्णपिंगु महानगर भनिएको छ।[6] साथै वि. सं. १६३० (ने. सं. ६९३) को फर्पिङ्गको एउटा ताडपत्रमा पनि फर्पिङ्गलाई फणपिंगु भनिएको छ।[7] फर्णपिंगुमा प्रयुक्त गुं शब्द विचारणीय छ। गु अथवा गुं शब्द किरात परिवारको भाषा हो, जसले डाँडा वा पर्वत भन्ने बुझाउँछ। हिमवत् खण्ड पुराणमा

१. **मेचीदेखि महाकाली** भाग २ 'मध्यमाञ्चल विकास क्षेत्र", श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, वि. सं. २०३१, पृष्ठ ७०६

२. त्यही, पृष्ठ ७१७

३. जनसंख्या तथा नाप नक्सा आयोजनाका अनुसार

४. श्री ५ को सरकार, जलस्रोत मन्त्रालय, जलवायु विज्ञान विभागले सन् १९७०–८० मा लिएको रेकर्डबाट

५. नयनाथ पौडेल (सं)-**भाषा वंशावली**, (काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, वि. सं. २०२०), पृष्ठ २६

६. डिल्लीरमण रेग्मी- **मिडियभल नेपाल**, फष्ट पार्ट (कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय, सन् १९६५), पृष्ठ ४०९–१०

७. परिशिष्ट नं ३

शिखर नारायणको पर्वतलाई ऋक्षवान पर्वत मनिएको छ।[8] पर्वतको शिखरमा स्थापना गरिएकोले यहाँको नारायणलाई शिखरनारायण मनिएको हो। अतः फणपिंगु शब्दले नागफणा जस्तो आकारको पर्वत भन्ने अर्थ बुझाएको देखिन्छ। गोपालराज वंशावलीमा हरिदत्त वर्माले चार नारायण स्थापना गरेको चतु शिखरलाई चंगु, इचंगु, बिसंखु (बिचंगु) र फर्पिङ्ग मनिएको छ। चंगु, इचंगु जस्तै फर्पिङ्गको मूलरूप दिएको पाइँदैन तर अगस्त्य संहित र फर्पिङ्गको एउटा ताडपत्रबाट फर्पिङ्ग लाई पनि "फणपिंगु" मनिदो रहेछ भनेर थाहा पाइन्छ। फाखेलमा पाइएको वि. सं. १०७७ (ने. सं. १४०) को पाथीको अभिलेखमा फर्पिङ्गलाई फणपिंगु[9] र वि. सं. ११४८ (ने. सं. २१२)मा सारिएको कुब्जिका मत नामक ग्रन्थमा फलपिंग मनिएको छ।[10] यी कुराहरूको आधारमा शिखरनारायणको मन्दिर अवस्थित नागफणा जस्तो आकारको पर्वतलाई फणपिंगु भनिएको र त्यसबाट फणपिंग, फलपिंग, फरपिङ्ग हुँदै आधुनिक फर्पिङ्ग शब्दको विकास भएको देखिन्छ। यसबाट शिखरनारायणको नामबाटै शिखरापुर तथा फर्पिङ्ग नाम रहेको देखिन्छ।

नेपालको इतिहासमा शिखरापुर अथवा फर्पिङ्ग भेकले एउटा महत्वपूर्ण स्थान ओगटेको छ। स्वयम्भू पुराणमा महाचीनबाट मञ्जुश्री आई नागदहको रूपमा रहेको काठमाडौं उपत्यकालाई फर्पिङ्गको कटुवाल दहनेर आफ्नो खड्गले काटेर पानी बाहिर पठाई यस उपत्यकालाई बस्ती योग्य बनाएको उल्लेख छ।[11] हिमवत् खण्ड पुराण,[12] नेपाल महात्म्य,[13] पशुपति पुराण[14] तथा अन्य वंशावलीहरूमा बाणासुरका छोरा महेन्द्र दमनले बाग्मतीलाई बग्न नदिएर काठमाडौं उपत्यकालाई पुनः तलाउ को रूपमा परिणत गरेकोले मथुराबाट श्रीकृष्ण आई चोभारको डाँडा काटी काठमाडौं उपत्यकालाई बस्ती योग्य बनाएको कुरा उल्लेख छ। गोपालराज वंशावली आदि वंशावलीहरू अनुसार नेपालमा लिच्छविहरू भन्दा अघि गोपाल, महिषपाल, किरात आदि वंशले शासन गरेका थिए। गोपाल वंश नेपालको पहिलो राजवंश मानिएको छ। गोपालहरू शैव धर्मावलम्बी थिए। फर्पिङ्गमा नेपालको एक मात्र गोपालेश्वर रहेका छन्, जसलाई गोपालहरू आफ्नो इष्ट देवता मान्दछन्। हिमवत् खण्ड पुराणमा कामधेनुको आज्ञाबाट श्री विष्णुले गोपालेश्वरको स्थापना गरेको उल्लेख छ।[15] यसरी गोपालवंश नेपालको पहिलो राजवंश ठहरिएको र फर्पिङ्गमा नेपालको एक मात्र गोपालेश्वरको मन्दिर रहेकोले फर्पिङ्ग भेक गोपालवंशी राजाहरूको शासनकालदेखि नै आबाद भएको देखिन्छ।

---

८. योगी नरहरि नाथ (सं) – **हिमवत खण्ड**, प्रथम : प्रकाश (काशी : गोरक्ष टिल्ला, वि. सं. २०१३) पृष्ठ २२२–२२३

९ रमेशजङ्ग थापा–'फाखेलमा फेला परेका धातुका प्रतिमाहरू', **प्राचीन नेपाल**, (संख्या ४१।४२, वि. सं. २०३४) पृष्ठ २४

१०. रेग्मी, उही, नं: (८), पृष्ठ १४१

११. बद्रीरत्न बज्राचार्य– **स्वयम्भू महापुराण** (काठमाडौं : सानुमाया तुलाधर ने. सं. ११०३) पृष्ठ २७–३९

१२. योगी, उही, नं. (१०), पृष्ठ २४३

१३. मुक्तिनाथ खनाल (अनु.) – **नेपाल महात्म्य,** प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं २०२०) पृष्ठ १०६–११०

१४. मधुसुदन रिसाल (अनु.)– **पशुपति पुराण**, प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२९) पृ. ९८

१५. योगी, उही, नं. (१०), पृष्ठ २२२–२२३

इ पु. छैटौं शताब्दी ताका भारतको श्रावस्तीसंग नेपालको व्यापार सम्बन्ध रहेको देखिएकोले त्यस समयमा नेपालले एउटा राज्यको रूप लिइसकेको कुरा स्पष्ट हुन्छ।[16] त्यसैगरी इ. पु. को तेस्रो शताब्दी ताका पाटलीपुत्र (पटना) संग नेपालको व्यापारिक सम्बन्ध कायम थियो। त्यस वेला नेपालमा बनेका घुमराडीहरूको भारतमा ठूलो माग थियो।[17]

किराँतकालीन फर्पिङ्गको इतिहास स्पष्ट छैन तापनि गणदेवको फर्पिङ्ग अभिलेखमा त्यहाँका खोला, डाँडा तथा स्थानहरूका नाम किराँत भाषाबाट रहेको देखिएकोले किराँतकालमा फर्पिङ्ग भेकमा थुप्रै वस्तीहरूको विकास भैसकेको देखिन्छ।[18]

सिन्धुघाटी आदि प्राचीन सभ्यताहरू नदीको किनारामा मौलाएको पाइन्छ। त्यस्तै प्राचीन बाटाघाटाहरू पनि नदीको किनारै किनार पाइन्छन्, जुन परम्परा आजसम्म पनि कायमै छ। काठमाडौं उपत्यकाबाट फर्पिङ्ग भएर वागमतीको किनारै किनार भारत जान आउन सजिलो र नजीक पर्दछ। नरेन्द्र देवको पालामा कामरूकामाक्षबाट रातो मच्छिन्द्रनाथ र सङ्कटालाई फर्पिङ्गको कटुवाल दहको बाटोबाट काठमाडौं ल्याइएको विश्वास गरिन्छ। अहिले पनि रातो मच्छिन्द्रनाथलाई रथारोहण गर्न प्रत्येक वर्ष र सङ्कटाको १२ वर्षे यात्रामा कटुवाल दहमा गएर ती देवताहरूको आह्वान गरिन्छ। अतः यस परम्पराले पनि प्राचीनकालमा फर्पिङ्गको बाटो भएर भारत जाने चल्तीको बाटो थियो भन्ने देखाउँछ।

मध्यकालमा पनि दक्षिणतिर जाने बाटोहरू मध्ये फर्पिङ्ग भएर जाने बाटो पनि महत्वपूर्ण थियो।[19] त्यसैले यक्ष मल्लले पूर्वका कोकी राज्यहरूमा आक्रमण गर्ने योजना मिलाउँदा उपत्यका बाहिर जाने मुख्य मुख्य बाटामा परेका प्रान्तका सामन्तहरूसंग सन्धि गर्ने सिलसिलामा फर्पिङ्गका सामन्त शक्ति सिंह रावुतसंग पनि वि. सं. १५१० (ने. सं. ५७३) मा पशुपतिको धर्मशिला छोएर सन्धि गरेका थिए।[20] पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गर्नलाई यसका चारैतिरका महत्वपूर्ण नाकाहरू कब्जा गर्ने सन्दर्भमा वि. सं. १८२० (शक संवत्, १६८५) कार्तिक २० गते बुधवारका दिन फर्पिङ्ग विजय गरेका थिए।[21] त्रिभुवन राजपथ बन्नुभन्दा अघिसम्म नै ललितपुर र काठमाडौंको बाटो कुलेखानीमा आएर छुट्टिन्थ्यो। कुलेखानी आइपुगेपछि काठमाडौं ल्याउनुपर्ने सामान थानकोट भै आउँथ्यो र ललितपुर ल्याउनुपर्ने सामान फर्पिङ्ग भै आउँथ्यो। यसरी प्राचीनकालदेखि नै भारतबाट काठमाडौं उपत्यका पस्नुभन्दा पहिलेको व्यापारिक नाकाको रूपमा फर्पिङ्ग रहेको देखिन्छ। व्यापारिक नाकामा परेकोले फर्पिङ्गको बस्ती गुलजार भएर यहाँ धार्मिक एवं सांस्कृतिक गतिविधिहरू पनि अघि बढेको देखिन्छ।

भाषा वंशावलीमा शिखरापुरनगरको निर्माण गर्ने श्रेय लिच्छवि राजा भीमार्जुन देवलाई दिएको चर्चा माथि परिसकेको छ। तर शिखरापुर अथवा फर्पिङ्गका यसभन्दा धेरै अघिदेखि नै बस्ती बसिसकेको देखिएकोले भीमार्जुन देवले फर्पिङ्गको बस्तीलाई व्यवस्थित पारेको बुझिन्छ। लिच्छविकालमा फर्पिङ्ग सोझै केन्द्रबाट शासित

१६. एस बाग्ची – **मूलसर्वास्तीवादविनयवस्तु,** (दरभङ्गा : मिथिला इन्स्टिट्यूट इ. सं. १९७०) पृष्ठ १७८

१७. सोमनाथ शर्मा (सं)– **कौटिल्यको अर्थशास्त्र,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२४) पृष्ठ १३१

१८. धनवज्र बज्राचार्य– **लिच्छविकालका अभिलेख** – (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३०), पृष्ठ १८३

१९. धनवज्र बज्राचार्य, टेकबहादुर श्रेष्ठ– **दोलखाको ऐतिहासिक रूपरेखा,** (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि., वि. सं. २०३१), पृष्ठ २१

२०. त्यही, पृष्ठ २१

२१. रमेशजङ्ग थापा (सं)– नेपाल देशको इतिहास (प्राचीन नेपाल, संख्या २२, वि. सं. २०२९), पृष्ठ १६

थियो भन्ने कुरा त्यहाँ प्राप्त गणदेव र अंशुवर्माको अभिलेखले बताउँछ। [22] तर विक्रमको एघारौं शताब्दीमा आएर फर्पिङ्गले एउटा विषय (जिल्ला) को रूप लिइसकेको र सामन्त शासकद्वारा शासन गर्न शुरु गरिसकेको देखिन्छ। फाखेल चौरमा प्राप्त पार्थीको वि. सं. १०७७ (ने. सं. १४०) को अभिलेखमा "श्री फणपिंग विषयोधिपति महासामन्त श्री किरणाकरजीवस्य प्रवत्तमाने" उल्लेख भएबाट त्यस समयमा किरणाकर जीव फर्पिङ्गका सामन्तका रूपमा रहेका देखिन्छन्। [23] कनकेश्वरको मुकुटको वि. सं. १२६७ (ने. सं. ३६०) को अभिलेखबाट त्यस वेला फर्पिङ्गका सामन्त शासक लक्ष्मीपालजीव देखिन्छन्। [24] यसैगरी फर्पिङ्ग टुटे पानीको वि.सं.१३१७ (ने. सं. ३८१) को अभिलेखबाट त्यस समय जैतराम जीव फर्पिङ्गमा सामन्त शासक देखिन्छन्। [25]

यसरी फर्पिङ्गमा विक्रमको एघारौं शताब्दीको उत्तरार्द्ध देखि चौधौं शताब्दीको पूर्वार्द्ध सम्म जीवान्त नामधारी सामन्तहरूले शासन गरेको देखिन्छ। वि. सं.१३९१ (ने. सं. ४५५) मा फर्पिङ्गमा सारिएको अगस्त्य संहितामा त्यहाँका शासक महाराउत जैतसिंह र उनका छोरा राउत जीव सिंहको उल्लेख छ। [26] उक्त ग्रन्थमा जैत सिंहलाई सुरंकी कुलको भनिएको छ। [27] यसबाट सुरंकी र सुलंकी सोलंकीकै अर्को रूप हो भन्ने देखिन्छ। पूर्व मध्यकालमा भारतको महाराष्ट्र प्रान्तमध्ये बादामी भेकमा चालुक्य वंशी राजाहरूको बोलवाला थियो। [28] पछि यही जाति सोलंकी नाउँले प्रख्यात भयो। [29] सोलंकीहरूले कहिलेदेखि नेपालमा प्रवेश गरे यसबारे किटान गर्न सकिएको छैन तापनि फर्पिङ्गमा वि. सं. १३१७ (ने. सं. ३८१) सम्म जीवान्त नामधारी सामन्तहरूले शासन गरेको र वि. सं. १३९१ (ने. सं. ४५५) मा मा सोलंकी रावुतहरूले फर्पिङ्गलाई आफ्नो स्वतन्त्र राज्यको रूपमा खडा गरिसकेको देखिएकोले विक्रमको चौधौं शताब्दीको उत्तरार्द्ध देखि यी सोलंकीहरूले फर्पिङ्गमा शासन गर्न थालेको अनुमान हुन्छ।

रुद्रमल्लको मृत्युपछि केही समय केन्द्रको शासनमा कमजोरी आएको देखिन्छ। [30] अतः केन्द्रीय शासन फितलो भएको मौका पारेर सोलंकीहरूले फर्पिङ्गमा शासन गर्न शुरु गरेको बुझिन्छ। केन्द्रमा कमजोरी आएमा अधिनस्थ सामन्तहरू स्वतन्त्र हुन चेष्टा गर्ने परम्परा लिच्छविकालदेखि नै चल्दै आएको थियो। यस्तो अवस्थामा ती सामन्तहरूलाई कज्याउन सकिएन भने राज्य नै टुक्रिने सम्भावना हुन्थ्यो।

गोपालराज वंशावलीमा त्रिपुर र मानिगल मिली वि. सं १३९० (ने. सं. ४५३) मा हमला गर्दा पनि फर्पिङ्ग खुलाउन नसकेको कुरा उल्लेख गरिएको छ। [31] यसबाट यस समयमा फर्पिङ्ग स्वतन्त्र

२२. बज्राचार्य, उही नं. (२०), पृष्ठ १८२–१८३, ३६८

२३. थापा, उही नं. (११), पृष्ठ २४

२४. परिशिष्ट नं. १

२५. रामजी तेवारी समेत (सं) – **अभिलेख संग्रह**, नवौं भाग (काठमाडौं : संशोधन मण्डल, वि. सं. २०२०) पृष्ठ २७

२६. रेग्मी, उही नं. (८), पृष्ठ ४०९–४१०

२७. त्यही, पृष्ठ ४१०

२८. जगदीश चन्द्र रेग्मी- "फर्पिङ्गको सोलङ्की रावुत" **मधुपर्क**, अङ्क ११ (वि. सं. २०२५), पृष्ठ ६७

२९. त्यही, पृष्ठ ६६

३०. धनबज्र बज्राचार्य- "शक्तिशाली भारदार रामवर्धनहरू र तत्कालीन नेपाल" **पूर्णिमा**, पूर्णाङ्क ७, (वि. सं २०२२) पृष्ठ १४

३१. धनबज्र बज्राचार्य, कमलप्रकाश मल्ल– **दि गोपालराज वंशावली**, (काठमाडौं : नेपाल रिसर्च सेन्टर, इ. सं. १९८५), पृष्ठ २८

र बलियो राज्यको रूपमा खडा भैसकेको अनुमान हुन्छ। वि. सं. १३९१ (ने सं. ४५५) मा सारिएको अगस्त्य संहिता अनुसार जैतसिंहले नुवाकोटसम्म आफ्नो राज्य विस्तार गरी त्यहीं राजधानी बनाएका थिए। [32] यसबाट जैतसिंहले फर्पिङ्गलाई एउटा स्वतन्त्र राज्यको रूपमा कायम गरेको कुरामा पुष्टि मिल्दछ। गोपालराज वंशावलीमा वि. सं. १३९४ (ने. सं. ४५७) मा फर्पिङ्गका रावुतको अस्त भयो [33] भनी जनाएबाट त्यही वर्ष जैतसिंहको मृत्यु भएको अनुमान हुन्छ। माथि उल्लेखित अगस्त्य संहितामा फर्पिङ्गका महाराउत जैतसिंह र उनका छोरा कुमार सिरोमणि जीवसिंहको उल्लेख भएकोले जैतसिंहको मृत्यु पश्चात जीव सिंह फर्पिङ्गका शासकका रूपमा रहे होलान् भन्ने अनुमान हुन्छ। वि. सं. १४२९ (ने स. ४९२) को स्वयम्भू अभिलेखबाट त्यस समय फर्पिङ्गका रावुतका रूपमा युथसिंह देखिन्छन्। युथसिंहलाई त्रिशक्ति (उत्साह शक्ति, प्रभु शक्ति र मन्त्र शक्ति) गुण सम्पन्न भनी उल्लेख भएबाट यिनी प्रख्यात शासकका रूपमा रहेका देखिन्छन्। [34] वि. सं. १४७७ (ने. सं. ५११) को फर्पिङ्ग गोरखनाथको शिलालेखबाट युथसिंहले भाइहरूका साथ शासन गरिरहेको देखिन्छ। [35] उक्त अभिलेखमा गद्दीनसीन राजाको रूपमा जयस्थिति मल्लको उल्लेख भएकोले जयस्थिति मल्लको उदय भएपछि उनले फर्पिङ्गका सामन्त शासकहरूलाई अधिनस्थ पारेको देखिन्छ।

फर्पिङ्गमा हरिशङ्कर यात्राको उपलक्ष्यमा खेलाइएको रामायण नाटकबाट पनि त्यस समयमा युथसिंहले जयजैत सिंह, जय राज सिंह र जय युद्ध सिंहका साथ मिलेर शासन गरेको देखिन्छ। [36] यहाँ युद्ध सिंहलाई यक्ष सिंहका छोरा भनी उल्लेख गरिएको छ। वि.सं. १४३३ (ने. सं.४९६) को कुमारको शिरमा रहेको अभिलेखमा वीर महाराउत-यक्ष सिंहको उल्लेख छ। [37] वि.सं. १४६३ (ने सं. ५२७) को झंकेश्वरी पछाडि रहेको शिलालेखमा युथसिंहको नाउँ नपरी जय जैत्र सिंह, जय योध सिंह, श्री राम सिंह र श्री देव सिंहले शासन सम्हालिरहेको देखिएबाट यस समयमा युथसिंहको मृत्यु भैसकेको बुझिन्छ। [38]

वि. सं. १४७७ (ने सं. ५५२) को नारायण डबलीको शिलालेखबाट त्यस बेला फर्पिङ्गमा रामसिंह, धर्मसिंह, देवसिंह र नाथसिंहको संयुक्त शासन चलेको देखिन्छ। [39] उक्त शिलालेखमा यी संयुक्त शासकमध्ये देव सिंहकी पत्नी जैत लक्ष्मीलाई सेन राजाकी छोरी भनिएको छ। अन्य शासकका पत्नीको कूल उल्लेख नगरी यिनको मात्र कूल उल्लेख गरिएबाट सेन राजाहरूसंग वैवाहिक सम्बन्ध कायम हुँदा यिनीहरूले आफूलाई गौरवान्वित संझेको बुझिन्छ। यी संयुक्त शासक मध्येका देव सिंहका भाइ शक्ति सिंहका छोरा दशकीर्ति सिंहको मृत्यु भएकोले यिनैलाई लख गरी वि सं. १४७७ (ने.सं.५४१) मा शक्ति पुरुषोत्तमको मूर्ति स्थापना गरेका थिए। त्यस–

३२. रेग्मी, उही, नं. (८), पृष्ठ ४१०

३३. बज्राचार्य र मल्ल, उही, नं. (३३), पृष्ठ ५७

३४. महेशराज पन्त– "चाडबाड जात्रामात्रामा देखाइएका नेपालमा बनाइएका केही संस्कृत नाटक" **पूर्णिमा,** पूर्णाङ्क ३६, (वि. सं. २०३४) पृष्ठ २९७

३५. रेग्मी, उही नं. (८), पृष्ठ ३५६

३६. पन्त, उही नं. (३६), पृष्ठ २९६

३७. परिशिष्ट नं. २

३८. डिल्लीरमण रेग्मी (सं)– **मिडियभल नेपाल,** थर्ड पार्ट (कलकत्ता, फर्मा के. एल. मुखोपाध्याय, इ. सं १९६६), पृष्ठ ४२–४४

३९. शङ्करमान राजवंशी - राष्ट्रिय अभिलेखालयमा संग्रहित अभिलेखहरू **"रोलम्बा"** भोलम ६, नं २, अप्रिल–जून १९८६, पृष्ठ १–२

पछि विष्णुको भव्य मन्दिर बनाई वि. सं १४८९ (ने. सं. ५५२) मा उक्त मन्दिरमा सुनको ध्वजा पनि चढाएका थिए। [40] वि. सं. १५१० (ने. सं. ५७३) मा यक्ष मल्लले कोकी क्षेत्रमा आक्रमण गर्ने विचार गर्दा पहिले सुरक्षाका लागि महत्वपूर्ण बाटोमा पर्ने सामन्त शासकहरूलाई शत्रुसंग नमिल्नको लागि पशुपतिको धर्म-शिला छुवाई शपथ खुवाएका थिए। यस सन्धिमा फर्पिङ्गका शक्ति सिंह रावुतले पनि भाग लिएका थिए।[41] वि. सं. १५२४ (ने. सं. ५८८) मा सारिएको धनु शास्त्र बाट त्यस समयमा फर्पिङ्गमा जय सिंह, ज्योति सिंह, प्रताप सिंह, संसार सिंह, रत्न सिंह र जयकीर्ति सिंह रावुतहरूले संयुक्त रूपमा शासन गरिरहेको देखिन्छ। उक्त धनु शास्त्रमा यक्ष मल्लसंग फर्पिङ्गका ४ रावुतहरू-को लडाईं भैरहेको भनी जनाइएको छ। तर फर्पिङ्गको शासन भने ६ जना रावुतहरूले सम्हालिरहेको देखिन्छ। यसबाट २ जना रावुतहरू यक्ष मल्लसंग मिलेको अनुमान हुन्छ।

केन्द्रमा देखापरेको कमजोरीबाट फाइदा उठाई एकातिर ललितपुर, दोलखा आदि प्रदेश केन्द्रको अधि-कारबाट अलग्गिदै थिए भने उता केन्द्रका मल्लहरू भने यसको परिणाम बारेमा त्यति चिन्तित थिएनन्। उनीहरू आफ्नो क्षणिक स्वार्थपट्टि नै व्यस्त थिए। केन्द्र (भक्तपुर) मा प्राण मल्लले आफ्नो अवस्था दृढ पार्न खोजेपछि उन-का काका तथा दाजुभाइहरू यसको विरुद्ध एक भए। कान्तिपुरका राजा नरेन्द्र मल्ल यस विरोधी दलको नेतृत्व गर्न अघि बढे। तदनुसार वि. सं. १६०५ मा पशुपतिको धर्मशिला छोएर ९ वर्षको लागि सन्धि गरियो। उक्त सन्धिपत्रमा फर्पिङ्गका फचाकु रावुतले पनि भाग लिएका थिए। सो सन्धि प्राण मल्लका विरुद्धमा भएकाले भक्तपुर संग अरू प्रदेशका शासकले सम्बन्ध नराख्ने र त्यस बेला खडा भएका विविध राज्यका प्रशासनमाथि कुनै हस्त-क्षेप नगरिने कुरा पनि उक्त सन्धिमा स्पष्ट उल्लेख गरिएको छ।[43] यसबाट त्यस समयसम्म फर्पिङ्गका सोलङ्खी रावुतहरू शक्तिशाली नै रहेका देखिन्छन्। यसपछि फर्पिङ्ग मा शक्तिशाली रावुतहरूको कमै उल्लेख पाइएको छ।

सिद्धिनरसिंह मल्लको समयमा ललितपुर छुट्टै राज्यको रूपमा कायम भएपछि फर्पिङ्ग ललितपुर अन्त-र्गत रह्यो। सिद्धिनरसिंह मल्लपछि श्रीनिवास मल्ल ललितपुरका राजा भए। श्रीनिवास मल्लको समयमा भगीरथ भैया पाटनका शक्तिशाली चौतारा थिए।[44] उनले फर्पिङ्गको आधिपत्य पनि लिएका थिए।[45]

सोलङ्खीहरूको शासनकालमा फर्पिङ्ग महानगर-सम्म कहलाएको थियो। उनीहरूको शक्ति घट्दै गएपछि फर्पिङ्गको स्तर अलि गिरेको थियो। चौतारा भगीरथ भैयाँले फर्पिङ्गको आधिपत्य लिएपछि उनले फर्पिङ्गका सबै ढोकाहरू जीर्णोद्धार गरे। सडकमा ढुङ्गा छापी त्यहाँ-बाट काठ आदि वस्तु तान्न नपाउने गरी सडकको सुरक्षा गरे। फर्पिङ्गका धाराहरूको मर्मत गरी सुचारुरूपले पानी आइरहोस् भनी आलो पालो गरी कुलोको मर्मत गर्ने व्यवस्था बाँधिदिए।[46] तर फर्पिङ्गका यी सुदिनहरू धेरै दिन रहन पाएनन्। श्रीनिवास मल्लको अन्त्यपछि भगीरथ भैयाँको पनि पतन भयो। श्रीनिवास मल्लपछि

४०. त्यही, पृष्ठ १–२

४१ त्यही, पृष्ठ २१

४२. शङ्करमान राजवंशी– "यक्ष मल्लका समयका निश्चित सम्बत् र तिथिमितिहरू", **पूर्णिमा**, पूर्णाङ्क ९ (वि. सं. २०२३), पृष्ठ १५

४३. त्यही, पृष्ठ ३३

४४. धनबज्र बज्राचार्य-"चौतारा भगीरथ भैयाँ", **पूर्णिमा**, पूर्णाङ्क ५ (वि. सं. २०२२) पृष्ठ २४

४५. धनबज्र बज्राचार्य (सं)– **अभिलेख संग्रह**, नवौं भाग (काठमाडौं : संशोधन मण्डल, वि. सं. २०२०)

४६. डिल्लीरमण रेग्मी (सं)– **मिडियभल नेपाल**, तेस्रो खण्ड, खण्ड ४, बम्बई, सन् १९६६, पृष्ठ १७१–१७२

पाटनको गद्दीमा योगनरेन्द्र मल्ल बसे। उनले फर्पिङ्गमा हरिशङ्कर यात्राको व्यवस्था बाँधे।[47] योगनरेन्द्र मल्लले बाँधेको स्थिति खलल भएकोले वीरनरसिंह मल्लले फर्पिङ्ग हरिशङ्कर यात्राको स्थितिलाई सुधार गरी वि.सं. १७६६ (ने. सं. ८२९) मा पुन: व्यवस्था बाँधे।[48] यसपछिका मल्लकालका महत्वपूर्ण कागजपत्रहरू फर्पिङ्गमा पाउन सकिएको छैन। पृथ्वीनारायण शाहको एकीकरणको क्रममा वि. सं. १८२० कार्तिक २० गते फर्पिङ्ग वृहत् नेपाल राष्ट्रको अङ्ग बन्यो।[49]

## शिक्षाको केन्द्रको रूपमा फर्पिङ्ग

शिखरापुर अथवा फर्पिङ्गलाई पुर, नगर, महानगर आदि विशेषण दिएको पाइन्छ। भाषा वंशावलीमा यसलाई शिखरापुर नगर भनिएको छ।[50] यसै गरी वि.सं. १३९१ (ने. सं. ४५५) मा सारिएको अगस्त्य संहितामा फणपिंगु महानगर भनिएको छ।[51] कुनै पनि बस्ती आर्थिक, धार्मिक एवं सांस्कृतिक विकासको पराकाष्ठामा पुगेपछि मात्र त्यसलाई महानगर भन्न सुहाउँछ। फर्पिङ्गमा महानगर भन्ने विशेषण लागेकोले पक्कै पनि त्यस बेला फर्पिङ्गको चौतर्फी विकास भएको थियो भन्ने देखिन्छ। पूर्व मध्यकाल ताका फर्पिङ्ग एउटा शैक्षिक केन्द्रको रूपमा रहेको थियो। जुन कुराले फर्पिङ्गलाई महानगर भन्न भनाउन सहयोग गर्दछ।

नेपालमा महा मञ्जुश्रीलाई विद्याको देवताको रूपमा मानिन्छ। स्वयम्भू पुराण अनुसार बुद्धपालको विद्याविहीन पुत्र मञ्जुगर्तलाई विद्याको वरदान दिई महामञ्जुश्री फर्पिङ्गस्थित गोपालेश्वरमा अन्तरध्यान भएका थिए।[52] यस कथाले प्राचीनकालदेखि नै फर्पिङ्गमा विद्याको विकास भएको संकेत गर्दछ। पूर्व मध्यकालमा त एउटा शिक्षाको केन्द्रको रूपमा फर्पिङ्गले ख्याति प्राप्त गरेको थियो। अंशुवर्माको समयको फर्पिङ्गका दुवै अभिलेखहरू बुद्ध धर्मसंग सम्बन्धित छन्। अंशुवर्माको एउटा अभिलेखमा विहारमा धारा बनाएको उल्लेख छ[53] भने अर्को संवत् ४३ को अभिलेखमा बुद्ध मन्दिरमा पूजाको लागि रकम छुट्याइदिएको छ।[54] इशाको आठौं शताब्दीमा वज्रयानको प्रख्यात आचार्य पद्म सम्भवले फर्पिङ्ग शिखरनारायण संगै रहेको गुफामा बसेर तपस्या गरेका थिए।[55] आजसम्म पनि पद्म सम्भवले तपस्या गरेको स्थान "याङलेश्वर" भनेर शिखरनारायण र असुरही टहाग भनेर गोरखनाथ (फर्पिङ्ग बजार पश्चिम) को गुफा बौद्ध तीर्थस्थलको रूपमा रहेको छ। एघारौं शताब्दीमा फर्पिङ्ग निवासी वागीश्वर कीर्तिका ४ भाइ (धर्ममती, दुस, खोर्पा र थानथुपा) को तिब्बतमा बडो ख्याति थियो।[56] वागीश्वर कीर्ति आफ्ना समयका प्रकाण्ड विद्वान भएकाले विक्रमशील विश्वविद्यालयका पश्चिमद्वारका द्वारपण्डित पनि भएका थिए। यिनी तन्त्र

४७. परिशिष्ट नं. ५

४८. परिशिष्ट नं. ५

४९. थापा (सं), उही, नं. २३, पृष्ठ १६

५०. पौडेल (सं), उही, नं. ७, पृष्ठ ८६

५१. रेग्मी, उही, नं. ८, पृष्ठ ४०९–४१०

५२. बज्राचार्य, उही, नं. (१३), पृष्ठ ९२

५३. बज्राचार्य, उही, नं. (२०), पृष्ठ ३६८

५४. त्यही, पृष्ठ ३७२

५५. सूर्यविक्रम ज्ञवाली– नेपाल उपत्यकाको मध्यकालीन इतिहास, प्रथम संस्करण (काठमाडौं : रोयल नेपाल एकेडेमी, वि. सं. २०१९), पृष्ठ २५१

५६. त्यही, पृष्ठ २७०

विद्याका बडा विद्वान तथा गुह्य समाजका विशेषज्ञ थिए । तिब्बतका अनेक विद्वानहरूले यिनीसँग तन्त्र विद्या अध्ययन गरेका थिए । यिनले वि. सं. १०७२ (ने. सं. १३५) मा लेखेको 'संक्षिप्ताभिषेक विधि' नामक पुस्तक राष्ट्रिय अभिलेखालयमा रहेको छ । 57 वि. सं. १३९१ (ने. सं. ४५५) मा फर्पिङ्गमा अगस्त्य संहिता सारिएको थियो । 58 जयस्थिति मल्ल ताकाका फर्पिङ्गका सामन्त शासक युथसिंहको पालामा फर्पिङ्गमा धर्मगुप्तले लेखेको चार अङ्कको रामायण नाटक हरिशङ्करको यात्राको उपलक्ष्यमा प्रदर्शन गरिएको थियो । यस नाटकका नाटककार धर्म गुप्त ठूला राजकवि आर्य श्री बाल सरस्वती भनी प्रख्यात थिए । 59 वि. सं. १२४९ (ने.सं. ३१२) मा फर्पिङ्गमा जेतचन्द्रले ढुङ्गाको सुन्दर सरस्वती मूर्ति स्थापना गरे । 60 यो स्थान हाल सरस्वती डोल नामले प्रख्यात छ । वि. सं. १५१० मा फर्पिङ्गमा हिरण्य सप्तक सारिएको थियो । 61 वि सं. १५२४ मा फर्पिङ्गका राम शोम शर्मालि धनु शास्त्र सारेका थिए । 62 वि.सं. १६८० (नै. सं. ७४३) को एउटा ताडपत्रमा थंथो विद्यापिठी र क्वथो विद्यापिठीको उल्लेख आएको छ । 63 वि. सं. १७२० (ने. सं. ७८३) को फर्पिङ्ग यवलंखु टोलको शिलालेखमा पिद्यपिठी छें को उल्लेख आएको छ । 64 फर्पिङ्ग गोरखनाथ गुफाको तलपट्टि ताराको मूर्ति स्थापना गरिएको छ र सो स्थानमा तिब्बतका लामाहरू बसी ध्यान गर्दछन् । सो स्थानलाई हिन्दूहरू सरस्वतीको मन्दिर मान्दछन् । फर्पिङ्गमा कार्तिक शुक्ल पूर्णिमाको दिनदेखि कार्तिक नाच भनी मातृकाहरूको नाच नचाइन्छ। यो नाचमा महादेवबाट देश वर्णन गर्दा विद्यापीठलाई पनि देवता सरह नै मान्यता दिएको देखिन्छ । 65 यसरी फर्पिङ्ग भेकमा मध्यकालमा थुप्रै विद्यापीठहरू थिए भन्ने स्पष्ट हुन्छ ।

प्राचीन तथा मध्यकालमा आज जस्तो सार्वजनिक स्कूल क्याम्पसको व्यवस्था थिएन । अध्ययन अध्यापन कार्य गुरुकूलमा तथा विहारहरूमा हुन्थ्यो । लिच्छविकालमा फर्पिङ्गमा विहारहरू रहेको तथा मध्यकालमा विद्यापीठ तथा विद्वानहरू रहेको कुरा माथि उल्लेखित प्रसङ्गबाट स्पष्ट भएको छ । फर्पिङ्गमा पहिले १२ वहालहरू थिए भन्ने फर्पिङ्गका बूढापाकाहरूको भनाइ छ । हाल बहाल कायम नरहे पनि वोखाविहाल (त्रिभुवन आदर्श मा. वि. रहेको स्थान), द्विगु वहाल (फर्पिङ्ग बजार पश्चिम), गोल वहाल (सार्की टोल), नन्द बहाल (सतिखेल) जस्ता ठाउँका नाउँहरू कायमै छन् । यसबाट पहिले ती ठाउँहरूमा वहाल रहेको बुझिन्छ । प्राचीन कालमा बौद्ध विहारहरू शैक्षिक केन्द्रका रूपमा रहेका हुन्थे भन्ने कुरा नालन्दा महाविहार, विक्रमशील महाविहार आदिको उदाहरणबाट स्पष्ट हुन्छ । नेपालको ठमेलस्थित विक्रमशील महाविहारमा पनि अध्ययन अध्यापन कार्य हुन्थ्यो भन्ने कुरा थाहा पाइएको छ । अतः

५७. त्यही, पृष्ठ २७१

५८. रेग्मी, उँही, नं. (८), पृष्ठ ४०९-४१०

५९. त्यही, पृष्ठ २९६

६०. रूक्मिणी प्रधान– "नेपाली जनजीवनमा देवी सरस्वतीको स्थान" कन्ट्रिब्यूशन टु नेपलिज स्टडिज, भोलम नं. ९ (सन् १९८३), पृष्ठ १९५

६१. राजवंशी, उही नं. (४६), पृष्ठ ११

६२. त्यही, पृष्ठ १४

६३. परिशिष्ट नं ४

६४. राजवंशी, उही नं. (४२), पृष्ठ ३

६५. श्री श्री शिखरापुरी नगर सगर श्री शेषनारायण, श्री गोपालेश्वर, झंकेश्वरी, हलसिद्धि, स्थान, भीम, बुद्ध, विद्यापीठ कुमारी सम्मान

यी कुराहरूको समीक्षा गर्दा फर्पिङ्गका यी विहारहरूमा पनि पठन पाठन कार्यहरू हुन्थ्यो भन्ने बुझिन्छ । यी कुराहरूले त्यस बेलाको फर्पिङ्गको उच्च गतिविधिबारे राम्ररी प्रकाश पार्दछ ।

## परिशिष्ट १

फर्पिङ्गमा आश्विन कृष्ण नवमीदेखि त्रियोदशीसम्म हरिशङ्कर यात्रा गरिन्छ । उक्त यात्रामा कनकेश्वरको मूर्तिमा लगाउने मुकुटमा यो अभिलेख कुँदिएको छ । लिपि प्राचीन नेवारी छ ।

१. ॐ श्रेयोस्तु सम्वत् ३६० माद्र पद शुल्क पूर्णिम्यां ।। श्री त्रिभुवन कनकेश्वर भट्टारकस्य सर्व रथन खतित पत चतुरद्वार

२. संप्रध्यौकितम् ।। श्री लक्ष्मीपालजीवस्य विजय राज्य ।। दानपती टिपीं टोल अधिवार्सिन दगो मारोस शुमम् ।।

**अनुवाद**

कल्याण होस् । ने. सं: ३६० (वि. सं. १२९७) माद्र शुक्ल पूर्जिमा ।
श्री त्रिभुवन कनकेश्वर भट्टारकलाई ......... चार ढोका चढाइयो ।
श्री लक्ष्मीपालजीवको विजयराज्यमा । दानपति टिपीं टोल बस्ने दगो मारो हुन् । शुभ होस् ।

## परिशिष्ट २

फर्पिङ्ग कंकेश्वरीको बायाँतर्फ रहेको कुमारको मूर्तिको शिरोभागमा यो अभिलेख कुँदिएको छ । अभिलेखको उतार यहाँ प्रस्तुत छ ।

१ षटनवतिसमायुक्ते । नेपालाब्दचतुशते जेष्टशुक्ल प्रतिपदि मृगमे सोमवासरे ।।

२. महाराउतवीरस्य यक्षासिंहस्य सूनुना । श्रीमता जोधशिहेन नरसिंहाक्ष मूर्तिना ।

३. निजानुजस्य बालस्य जिष्णुसिंह इति स्मृते । देवानुयोगभावेन स्वर्गलोक गतस्यतु ।

४. तसौद्देशेन देवस्य । कुमारस्य मनोहरा । स्थापिता शिखरापुर्यां पाषाण प्रतिमा शुभा ।

**अनुवाद**

ने. सं. ४९६ (वि. सं. १४३३) जेष्ठ शुक्ल प्रतिपदा सोमवार मृगशिरा नक्षत्रमा ।

वीहु महाराउत यक्ष सिंहका छोरा, नरसिंह जस्ता श्री जोधसिंहले आफ्ना बालक भाइ जिष्णु सिंह देववसले स्वर्ग हुँदा उनलाई लक्ष गरेर शिखरापुरीमा स्वामी कार्तिकेय देवताको राम्रो ढुंगे मूर्ति स्थापना गर्नु भयो ।

## परिशिष्ट ३

यो ताडपत्र फर्पिङ्ग थथेपटोल बस्ने गणेशलाल मानन्धरसंग छ । अभिलेखमा ४ हरफ छन् ।

१. श्रेयोस्तु सम्वत् ६९३ माद्रपद कृष्ण चतुर्दश्यायांतीथौ श्री फर्पिगुण गरातस्यत थमलंखुमातान छें जिवन सिंह मारो दिवंगत जुरा व लर्त मयीन थव पुरषस्तनामनेन श्री श्री श्री इन्द्रराजा त्वंशवो

२. सहितन दम्पति प्रतिमा दयकं इन्द्रजात्रान गुठिस दुताया भाषा थ्वते थव पुत्र मारसिंह मारो धरमसिंह मारो मगरसिंह मारोगोत्र जिवनसिंह भारो मातानछें आसराम मारोथ्व

३. तेगुथिगणत गुठिस भोजनतंआदिन निस्त्ररपयनेयात वंय दुता टंकाङ्क तव टंकाछि १ जब टंकाछि १ थ्वतेयाकलन्त्रवर्षप्रति नीयछदाम जवछि दंम २० जव १ मथाचकं थनेमार रिनियाके

४. कास्य वुसमदिरवरे चिन्तायायमार अथवाराहकल्पेत्यादि थ्वते दुतयाफल शास्त्रस हलाक्वस फलजुयमार थ्वते दामलभ मोह याङन्वपरपं यनसा पन्च महापातकलायु जुरोरिषित श्री त्वंगवस्वया शुम ।। साखिशश भारोद्दष्ट

वाफं ४ वहामहलेया दंदिभं

**अनुवाद**

कल्याण होस् । सम्वत् ६९३ भाद्रपद कृष्ण चतुर्दशी तिथिमा श्रीफर्णपिंगुणगुरात देखि माथि लंखुमाता नछेंका जिवन सिंह भारो दिवङ्गत भई त्वंमयीले आफ्नो पुरुषको नाममा श्री श्री श्री इन्द्रराजालाई दम्पती प्रतिमा बनाई इन्द्रजात्रा गुठीमा राखेको व्यहोरा ।

आफ्ना छोरा मारसिंह भारो धरमसिंह भारो मगर सिंह भारो गोतियार जिवनसिंह भारो मातसछेंका आसराम भारो यी गुठियारले यस गुठीमा भोजन आदि चलाउन आयस्ता राखेको टंका १ जवटंका १ यसको व्याजले प्रति वर्ष दम्म २० जब १ ले नपुगे नसण लिएर अविछिन्न चलाउनु पर्छ । आज वराह कल्पमा इत्यादि । यो दत्तको फल शास्त्रमा बताए बमोजिम प्राप्त होला । यो दाममा लोभ मोह गरी लोप गरेमा पञ्च महापातक लाग्ला । लेखक श्री त्वंग्वरव शुभ । साक्षी शाश भारो दृष्ठ । धान ४ पाथीले चतामधी बनाउनु ।

## परिशिष्ट ४

यो ताडपत्र फर्पिङ्ग थथेपटोल बस्ने गणेशलाल मानन्धरसंग छ । यो ताडपत्रको अभिलेख भएको भागको लम्बाई १' ६" चौडाई ९" छ । लिपि नेवारी छ । संवत् ७४३ छ ।

१. स्वस्ति सम्व ७४३ माद्रपद शुक्ल पूर्णमाश्योतिथो श्री शिखरापुरी श्री श्री श्री झंकेस्वरीस वर्ष वद्धन माद्रपद शुक्ल द्वादशी कुन्हुं अविछिनङायकं तया थ्व गुठि यङा नवतुवव त्वाल मधनसिंह ..... तया ...... कजुया ........ थ्ववेर ममोफ पति जुरो । वहा

२. र कृष्ण भारोथंक्वा छें मधनसिंह मा थंयोविद्यापीठि अमृतराज भारो क्वथोविद्यापीठि मधन भारोथंथो विद्यापीठिकल्यान भारो थ्व सकर प्रभृतिन गुठि समूह सनवुधान चोस्यं तयाम्केरवु लंख......... रनदुन्ता .......

३. स्वाधिकार जुक्व रोव २ ग्वालकुथि यिविगड वुरोव ५ स्वंवोसछिवो थव स्वाधिकारजु को ।। पाकोवु रोव १२ थ्वलेस स्ववोसछिवो रोव ४ लंसको मधनसिंह भारो पनि स्यंतदुता थ्वलेवु थाकलिथे ...... माल

**अनुवाद**

स्वस्ति नेपाल संवार ७४३ माद्रपद शुक्ल पूर्णिमा तिथिमा श्री शिखरापुरीका श्री श्री झंकेश्वरीको वर्ष वर्धन माद्रपद शुक्ल द्वादशीको दिन अविछिन्न चलाउन राखेको यो गुठी वतुवव टोलका मधन सिंहले हो । .........यस वेला सम्मिलित भएका ........ वहालका कृष्ण भारो यंक्वाछेंका मधन सिंह मा थंथो विद्यापीठिका अमृतराज भारो क्वथो विद्यापीठिका मधन भारो थंथो विद्यापीठिका कल्याण भारो यी सकल प्रभृति गुठियार समूहले व्यहोरा लेखी राखियो। स्केरवुलंख भन्ने .........राखेको......... आफ्नो अधिकारको रोपनी २ ग्वालकुथियिविगड भन्ने खेत रोपनी ५ मा तीन भागको एक भाग आफ्नो अधिकार भए जति, पाको भन्ने खेत रोपनी १२ मध्ये तीन भागको एक भाग रोपनी ४ लंसको मधन सिंह भारोले राखे । यस खेतको आयस्ताले ......... चलाउनु पर्छ ।

## परिशिष्ट ५

यो ताम्रपत्र फर्पिङ्ग शिखरनारायणका पुजारी उत्तम शर्माको घरमा रहेको छ । ताम्रपत्रको अभिलेख कुँदिएको भागको लम्बाइ १'-१" चौडाइ ६" छ । अभिलेख यहाँ प्रस्तुत छ । संवत् ८२९ छ ।

१. स्वस्ति श्री मणिग्लाधिपतिमहाराजाधिराज श्री श्री वीर जय योगनरेन्द्र मल्ल देवसन फणपिदेश श्री ३ शिखरनारायणया जात्रायात परिपातियाङ तयागु लपज्या

२. या र ज्या ओस थका कोकायाङाम्रो कचङ्गल थङस भएव श्रीमणिग्लाधिपति महाराजाधिराज श्री श्री जयवीर नरसिंह मल्लदेव प्रभुठाकुरस परिपातिताम्वाय

३. त्र चोस्यं तयाजुरो भाखा गुथियसस्तं परिपाति फणपिया पूजा दारि ब्राह्मणया लाहतिस लव हला–

ङाम्रो तया जुरो माथा क्वथलिवु पेचातलावुरो १८× भूयज

४. लेवुरो ६ भूय कयग्वचोम्रो खुतलम्रोन चातरवुरो ५× भूय चंदोलवुरो २× भूय गगलवुरो २ भूय द्वल पावु यथ्व र थ्ववचातलन रो २ भूय तुलवुरो २ भूयछ्वन

५. पूतवम्रो ह्यगलवुम्रो नेचातलनरो १× भूय हलसिक्व वुखण्ड १ भूयवोखावले म्रोपूर्णगुवलम्रो नेचातलन पात ७ भूय ग्याठक्व म्रोलचातल ४ भूय वदू सिम्रो

६. लफात १ भूय छ्वनपूतवुरो ३ हितिया भूय दोको वुम्रो सिमल वुम्रो नेचातल वरो ७× पूजावारिया तवो जुरो ॥ थ्वतेया वलसाणन वर्षप्रति श्री ३ शिखरनारायणदेव

७. स्केनिस्त्रपथथेजुरो, जोत्रायात जिवघरकायपूजाजो १ घेरकस्तिसाघरप १ धारे दुदुगा ८ नेश्रावजो ५ धरिमाध्यसहं पूरदीप सहं थ्वते च्याय तकं दुथ्य यायमा

८. ल मोटं १ दक्षिणाजोरछिया तव्वात ८ मुस्यार फलसमत छोयकेरथसमत छोयके थ्वते निस्त्रपेमाल॥ जाक्येफं १८० जोगिचक्रयातथिया । भोगयाछोय । भू

९. य वजिकुड १ साषता १ नैवेद्य नित्य तयमाल ॥ सुखरात्री कुन्हु मालक्व हने ॥ वारा चतुर्दशिकुन्हु मालक्व विये ॥ तोरसंक्रान्ति कुन्हु करश पूजा याङन भरति सीदक्व पूजाया

१० ङनम्वातफं ४ विफं १ हास्थनके ॥ सावाह्मणादियात नेश्राव दक्षिणा जाक्ये वियमाल ॥ स्वयंवुस पन्चा-मृत पूजा घेरथाकु छाय ॥ थ्वत सतिगोरषनाथ पूजा फा

११. गुणशुक्ल चतुर्दशिकुन्हु दुगुह्म १ दयकं श्री ३ भवा-निस्के पूजा यायमाल पूर्ण्णमाशि कुन्हु पन्चामृतादि अवीर फयलमाध्य स्वयंवुसछाय ॥ ताछेय ॥ मेष संक्रान्ति

१२. न्हथ्वकुन्हु दहयि यहिति सखवारनपाय हिति अवि-छिन्न हायकेमाल ॥ ग्ववेरसं मालकाले शान्ति सोष्टिक सेहलोहलोने रथयात स्विकायमाल ॥ कथम् झोया न पालफय

१३. माल कुकुक्वनफेमाल ॥ भूय श्री ३ हरिशङ्कर जात्रा कुन्हु मोटं १ सिन्धः दयकं जात्रा यायमाल वलहि चाक्रमत छोयके सतिकुन्हुगुकि २ या माध्य लुयमाल ॥ थ्वतेपिकाप जिस


१४. चोक्वमछिसे यायमाल ॥ मालक्वहम नप्रसेवलङ-दक्व चिन्तायाक पनि स्यन मक्षाभोजन याददो ॥ लिथेग्ववेरसं थका कोकायाङम्रो कचंगल थने मदु ग्वह्म नथ्ववो

१५. स्यंतया मानमयास्य कचंगल थनसा श्री ३ शिषर णारायणया कुदृष्टि ॥ थ्वतेया साक्षी श्री श्री योग मती देवी चौतारा दहलाछेसजमारो श्री राजवंश राम्रोत वुराबाहारगृह

१६. जर्दसिहवावु ॥ देशप्रमान महापालगृहं अमाते कृष्ण शङ्कर मारो ॥ लिखित नकबाहार विश्वनाथ ॥ सम्वत् ८२९ आषाढ कृष्ण एकादश्यान्तिथौ । शुभ मस्तु सर्वदा ॥ श्री ३ शिषरनारायण प्रीतिरस्तु ॥ शुभ ॥


**अनुवाद**

कल्याण होस् । श्री माणिग्लाधिपति महाराजाधिराज श्री श्री वीर योगनरेन्द्र मल्ल देवले फणपिदेशको श्री ३ शिखरनारायणको जात्रालाई परिपाटो राखि-दिएको विधि बमोजिमको काममा उलटपुलट गरी कचिंगल निकालेकोले मन नपरी श्री माणिग्लाधि पति महाराजाधिराज श्री श्री जय वीरनरसिंह मल्ल देव प्रभु ठाकुरले अर्को परिपाटीको तामा पत्र लेखी राखियो । व्यहोरा । गुठीको सबै परिपाटी फणपिको पूजारी श्री ब्राह्मणको हातमा सुम्पियो । यसको व्यहोरा । क्वथलिखेत पेचातला खेत रोपनी साढे १८ फेरि जलैखेत रोपनी ६ फेरि कयग्वचो, खुतल, चातर खेत रोपनी साढे ५ फेरि चंदोलखेत रोपनी साढे २ फेरि गगलखेत रोपनी २ फेरि द्वलपाखेन ५ यसमा क्वथ्व र चातल गरी रोपनी २ फेरि तुलखेत रोपनी २ फेरि छ्वनपुतखेत र ह्यगल खेत तथा नेचालल गरी रोपनी साढे १ फेरि हलसिक्व खेत खण्ड १ फेरि वोखावल र




**परिशिष्ट २**

**फर्पिङ्ग झंकेश्वरी मन्दिरको बायाँतर्फ रहेको कुमारको शिरोभागमा रहेको अभिलेख**




परिशिष्ट ३

कपिङ्ग थथेप टोल बस्ने गणेशलाल मान•धर्‌सँग रहेको ताम्रपत्र



परिशिष्ट ४

कपिङ्ग थथेप टोल बस्ने गणेशलाल मानन्धरसँग रहेको ताम्रपत्र



परिशिष्ट ५

फॉपिङ्क शिखरनारायणका पुजारी उत्तम शर्माको घरमा रहेको ताम्रपत्र

पूनगुवल तथा नेचातलन पात ७ फेरि ग्याठक्व श्रोल चातल ४ फेरि बंदूसि र लफात १ फेरि ध्वनपुतखेत रोपनी ३ हितिको लागि फेरि दोहो खेत र सिमल खेत तथा नेचातल खेत रोपनी साढे ७ पूजारीको लागि भयो । यतिको श्रायस्ताले प्रतिवर्ष श्री ३ शिखरनारायण देवताको काम चलाउनु पर्छ । जात्राको लागि जीवधर कायपूजा जोर १ घिउ मह सखर प १ धारेदुदुमा ८ नेश्वावजोर ५ धरिमाध्य सहित धुपदीप बाल्ने लेखिए बमोजिम गर्नुपर्छ । मोहर टेका १ दक्षिणा भर कामको लागि चिराक बत्ती ८ फलेचामा तथा रथमा बत्ती बाल्ने । यति काम चलाउनु पर्छ । चामल पाथी १८० जोगी चक्रलाई दिनु । भोग लगाउनु । फेरि च्यूरा कुरुवा १ सखर ता १ नैवेद्य नित्य राख्नुपर्छ । सुखरात्रीको दिन चाहिने जति व्यहोर्नू । बाला चतुर्दशीको दिन चाहिने जति दिनू । बिलसंक्रान्तिको दिन कलश पूजा गरी सबै गहना पूजा गरी भटमास पाथी ४ नून पाथी १ ल्याई गाई ब्राह्मण दिलाई खुवाउनू । नेश्राव दक्षिणा चामल दिनू । स्वयंभूलाई पन्चामृत पूजा घिउ चाकु चढाउनू । यसको भोलिपल्ट गोरखनाथ पूजा । फाल्गुन शुक्ल चतुर्दशीको दिन बोका १ ले श्री ३ भवानीलाई पूजा गर्नू । पूर्णिमाको दिन पन्चामृतादि श्रबीर यलमाध्य स्वयम्भूलाई चढाउनू । लावा चढाउनू । मेष संक्रान्तिको दिन दहयिय हितिमा चून लगाउनू । धारा श्रविछिन्न पानी बहाउनू । जुनसुकै बखतमा पनि शान्तिस्वस्ति गरिकन मर्मत गर्नू । रथको लागि काठ लिनू । कथथंझाले पालो लिनू । कुकुर खुवाउनू । फेरि श्री ३ ह्रीं शङ्करको जात्राको दिन मोहर टङ्का १ ले सिन्दूर ल्याई जात्रा गर्नू। वेलुका चक्रवत्ती बाल्नू । भोलिपल्ट शुकि २ ले रोटीको श्रभिषेक गर्नू । यति उल्लेख भए बमोजिम नछुटाई चलाउनू । चाहिने जति खर्च चलाई बाँकीले हेरचाह गर्नेहरूले भक्षाभोजन गर्नू । पछि कुनै बखतमा पनि उलटपुलट गरी कचिंगल नगर्नू । जसले यसमा लेखिए बमोजिम नमानी कचिंगल गर्ला त्यसलाई श्री ३ शिखरनारायणको कुदृष्टि पर्ला । यसको साक्षी श्री श्री योगमती देवी, चौतारा दल्हाछेंका सजमारो श्री राजवंश राउत वुरावाहाल घरका जदुसिंह बाबु । वेश प्रमाण महापाल घरका श्रमात्य कृष्ण शंकर मारो । लेखक नकवाहालका विश्वनाथ । संम्वत् ८२९ श्राषाढ कृष्ण एकादशी तिथि । सर्वदाकाल शुभ होस् । श्री ३ शिखरनारायण खुशी होऊन् । शुभ ।